## नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली, सुदुरपश्चिमप्रदेश नेपाल

### सटरहरु ठेक्कामा लगाउने सम्बन्धी सूचना

(कार्यालयमा प्रथम पटक प्रकाशित मिति :- २०७९।०२।०९ गते)

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको उत्तरतर्फका सपिङ्ग कम्प्लेक्स भवनका सटरहरु आ.व.२०७९/८० मा बहालमा बढाबढ प्रक्रियाद्वारा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | सूचना नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम ठेक्का रकम प्रति सटर वार्षिक रु. | फाराम दस्तुर(रु) | अवधि | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २८/२ ०७८।७९ | सपिङ्ग कम्प्लेक्स भवनको सटर नं.५२ | नगरपालिका कार्यालयको उत्तरतर्फको दुई तिर सटर भएको कोठा) मासिक रु ७०००/-(सात हजार मात्र) | ८४,०००।-(चौरासी हजार) प्रति सटर | १,०००।- | २०७९/०८० श्रावण देखि २०८१/८२ असार मसान्त सम्म | प्रति सटर रु. ३,०००।- | |
| २ | २९/२ ०७८।७९ | सपिङ्ग कम्प्लेक्स भवनको सटर नं.५३ | नगरपालिकाको कार्यालय उत्तरतर्फको दुई कोठा र दुई तिर सटर भएको कोठा) १२०००/-(बार्ह हजार मात्र) प्रति सटर | १४४०००/- (एकलाख चौवालिस हजार मात्र) | १,०००।- | | | |
| ३ | ३०/२ ०७८।७९ | सपिङ्ग कम्प्लेक्स भवनको सटर नं.५५, ५६, ५७, ५८, ५९, ६०, ६१ (७ वटा) | नगरपालिका कार्यालयको उत्तरतर्फको एक तिर सटर भएको कोठाहरु) मासिक रु ७०००/-(सात हजार मात्र) प्रति सटर | ८४,०००।-(चौरासी हजार) प्रति वर्ष प्रति सटर | १,०००।- | | | |

***शर्तहरु :***

१. इच्छुक प्रस्तावकर्ताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७९।०२।२३ गते) कार्यालय समय सम्म यस कार्यालयको राजश्व उपशाखाबाट फाराम खरिद गरी १६ औं दिन दिनको १२:०० बजे सम्म टीकापुर नगर कार्यपालिको कार्यालयमा दर्ता गर्नुपर्ने छ । उक्त सिलबन्दी प्रस्तावहरु सोही दिन दिनको २:०० बजे देखि प्रस्तावकर्ता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा टीकापुर नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । प्रस्तावकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

२. सिलबन्दी प्रस्ताव फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन सिलबन्दी प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ ।

३. फाराम लिंदा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी तथा आ.व.२०७७/७८ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ । बक्यौता बाँकी रहेको व्यक्ति वा फमले यस ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन ।

४. सिलबन्दी फारामको खाम बाहिर यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावहरुको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५. प्रस्ताव कर्ताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. सिलबन्दी प्रस्तावको साथमा यस नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३००००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ९० दिन म्याद भएको विडवण्ड संलग्न गर्नुपर्नेछ । साथै सम्झौताको बखत अग्रीम ३ महिनाको भाडा रकम र ३ महिना बरारबरको धरौटी रकम बुझाउनुपर्नेछ ।

७. म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको सिलबन्दी फाराम उपर कुनै कारवाही गरिने छैन ।

८. सटरमा कुनै प्रकारको हानी नोक्सानी गर्न पाईने छैन, हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ती स्वयं बहालवालाले व्यहोर्ने तथा मर्मत संभार गर्नुपर्नेछ ।

९. पेश भएको सिलबन्दी फाराम स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

१०. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखाको सम्पर्क नं ०९१-५६०८८३ मा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ । अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछ ।

.....................

प्रमुख प्रशासकिय अधिकृत